# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ६)  बेसीशहर, चैत्र १२ गते, २०८० साल (संख्या ८**


## भाग २
## बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको सूचना

बेसीशहर नगरपालिकाको प्रशासकीय कार्यविधि  नियमित गर्ने ऐन, २०७४ को दफा ३ बमोजिम बेसीशहर नगरपालिकाको नगरसभाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिका,लमजुङ मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यबिधि:२०८०

**प्रस्तावना:-**

बेसीशहर नगरपालिका अन्तर्गतका विद्यालयहरुको कक्षा कोठाको शिक्षण सिकाइ क्रियापलापदेखि समग्र विद्यालय शिक्षाको गतिबिधि सुधार गरी  सिकाइ उपलब्धि बृद्धि गर्न, शिक्षक विद्यार्थीहरुलाई प्रोत्साहित गर्न एवं बालमैत्री विद्यालय व्यवस्थापन मार्फत  विद्यालय शिक्षाको लक्षित उपलब्धि प्राप्तिमा सहयोग गर्न यो कार्यबिधि बनाई लागू गर्नुपर्ने आवश्यकता भएकाले स्थानिय सरकार सञ्चालन ऐन

२०७४ को परिच्छेद १५ नियम १०२ को उपनियम २ को अधिकार प्रयोग गरी यो कार्यबिधि निर्माण गरी लागू गरिएको छ।

## परिच्छेद -१ : प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:**

यस कार्यबिधिको नाम" बेसीशहर नगरपालिका मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यबिधि:२०८०" रहेको छ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:**

क) "कार्यबिधि"भन्नाले बेसीशहर नगरपालिकाका विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि तयार गरेको **मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन** कार्यबिधिलाई जनाउनेछ।

ख) "शिक्षा समिति"भन्नाले बेसिशहर नगरपालिका नगर शिक्षा समितिलाई बुझाउनेछ।

ग) "शिक्षा शाखा "भन्नाले बेसीशहर नगरकार्यपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

घ) नगरपालिका भन्नाले बेसीशहर नगरपालिकालाई सम्झनु पर्दछ।

ङ) विज्ञ भन्नाले बेसीशहर नगर कार्यपालिकाको निर्णयबाट नियुक्ति पाई विद्यालयहरुको शैक्षिक सुधारका लागि विद्यालयहरु र शिक्षा शाखालाई प्राविधिक सहयोग गर्ने पदाधिकारीलाई सम्झनुपर्दछ।

च) प्र. अ. भन्नाले विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्दछ।

छ) शैक्षिक गुणस्तर भन्नाले पाठ्यक्रमले तोकेको सक्षमता तथा सिकाई उपलब्धिको बर्तमान अवस्था बृद्धिगरी तोकिएको सिकाईको तह तथा स्तर हासिल भएको अवस्थालाई सम्झनु पर्दछ।

ज) करार संझौता भन्नाले प्रचलित कानुन बमोजिम निश्चित अवधि तोकी सेवा करारमा लिईएका जनशक्ति वा परामर्श दातासँग गरिएको संझौतालाई जनाउँछ।

## परिच्छेद २: उद्देश्य तथा कार्यहरु

**(क) कार्यबिधिका उद्देश्यहरु:**

१ शैक्षिक योजना निर्माणका लागि नगरपालिका शिक्षा शाखा र विद्यालयहरुको क्षमता विकास गर्ने।

२ विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यालयहरुको भौतिक र शैक्षिक व्यवस्थापन आइ.सि.टी. , शैक्षिक सामग्रीहरु र प्रयोगशालाहरुको व्यवस्थापन र स्थापनामा सहयोग गर्ने।

३ प्र.अ. र व्यवस्थापन समितिहरुको क्षमता विकास गरी विद्यालयहरुको प्रशासनिक व्यवस्थापनमा सुधार गर्ने।

४ विद्यालयहरुका शैक्षिक कार्यक्रमहरुमा अभिभावकहरुको संलग्नता बढाई शैक्षिक स्तर सुधारका लागि अभिभावकहरुको भूमिकालाई अधिकतम् रुपमा परिचालन गर्ने।

५ शिक्षण सिकाईमा आइ. सि. टी. को प्रयोग र पाठ्यक्रम कार्यान्वयनका सम्बन्धमा शिक्षकहरुको क्षमता विकास गर्ने

६ मूल्याङ्कनमा उत्कृष्ठ स्थान प्राप्त गर्ने विद्यालय, विद्यालयका प्र. अ. र शिक्षकहरुलाई प्रोत्साहित गर्ने।

**(ख) सञ्चालन गरिने कार्यहरु:-**

**१ शिक्षा शाखाको व्यवस्थापनमा सुधार**

- शिक्षा शाखालाई प्राविधिक र विशेषज्ञ शाखाको रुपमा रुपान्तरण गर्ने।
- विज्ञ सहितको सहभागितामा विशेषज्ञ टिम बनाई विद्यालय शिक्षण व्यवस्थापन सुधारमा सहयोग गर्ने।

- कर्मचारी व्यवस्थापन गरी प्राविधिक सहयोग र अनुगमन नियमित र प्रभावकारी बनाउने ।
- शिक्षा शाखाको कामलाई प्रभावकारी बनाउन एक जना आइ.टी.कर्मचारी नगरपालिका कर्मचारी मध्येबाट व्यवस्थापन गर्ने ।
- स्मार्ट अनुगमन सेवालाई प्रभावकारी रुपमा लागू गर्ने ।

**२ विद्यालयहरुको भौतिक पूर्वाधार सुधार:**

२.१ कक्षाकोठा व्यवस्थापन

- आधुनिक फर्निचर व्यवस्थापन ,
- सिकाई कुनाको रुपमा मिनि पुस्तकालय स्थापना,
- शिक्षण सिकाई सामग्री व्यवस्थापन,
- ई लर्निङका लागि इन्टरनेट, ल्यापटप, प्रोजेक्टर, प्रोजेक्टर बोर्ड आदिको व्यवस्थापन

२.२ विज्ञान प्रयोगशालाको व्यवस्थापन

- तहगत र विषयगत विज्ञान प्रयोगशाला र सामग्रीको व्यवस्थापन
- वेभ बेस र ई प्रयोगशालाको व्यवस्थापन

२.३ क्यान्टिन हलको व्यवस्था र सञ्चालन

२.४ पुस्तकालय र आइ. सि. टी. व्यवस्था

- पुस्तकालयको स्थापना तथा व्यवस्थापन
- ई लाइब्रेरी स्थापना
- लाईब्रेरीमा फर्निचर व्यवस्था

२.५ गणित र सामाजिक विषयको कार्यशाला स्थापना ,

२.६ भाषा शिक्षणका लागि अडियो भिजुवल तथा प्रदर्शन /अभ्यास कक्षको स्थापना,

२.७ इन डोर र आउट डोर खेलहरुको व्यवस्था ,

२.८ विद्यालय फ्लावोरिङ र गार्डेनिङको व्यवस्था,

३ विद्यालय प्रशासन र व्यवस्थापनमा सुधार: यस सम्बन्धि उद्देश्य पूरा गर्नका लागि निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गर्ने :

३.१ विद्यालय प्रशासन र व्यवस्थापनमा सुधार:

- नगर शिक्षा नियमावलि २०७४ र नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ ले व्यवस्था गरे अनुसार प्रस्तावित विद्यालय विकास योजनाको आधारमा प्रतिस्पर्धात्मक रुपमा प्रधानाध्यापकको नियुक्ति गर्ने।
- विद्यालय प्रधानाध्यापकलाई शैक्षणिक र प्राज्ञिक रुपले तन्दुरुस्त राख्ने उद्देश्यका साथ विद्यालय सुशासन र शैक्षिक व्यवस्थापन सम्बन्धमा क्षमता अभिबृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गर्ने।
- विद्यालयका प्र.अ.लाई विद्यालय शिक्षण सिकाई व्यवस्थापनका लागि स्थानीय विज्ञको रुपमा स्थापित गर्ने।
- विद्यालय व्यवस्थापन समिति, प्र.अ. र विशेषज्ञ बिच विद्यालय शिक्षण सिकाई व्यवस्थापनको सुधार र रुपान्तरणको विषयमा नियमित रुपले अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयको प्रशासनिक व्यवस्थापन डिजिटल प्रणालीमा गर्ने।

**४ विद्यालय शिक्षण व्यवस्थापनमा सुधार:**

- हरेक शिक्षकहरुसँग शिक्षण तयारी, शिक्षण सिकाई क्रियाकलाप, शिक्षण सामग्रीहरुको तयारी र प्रयोग, विद्यार्थी सिकाई उपलब्धि अभिबृद्धि योजना र शिक्षकहरुलाई प्राविधिक परामर्श प्रदान गर्ने विषयमा सहमतिमा कार्यसम्पादन संझौता लागू गर्ने।

- शिक्षकहरुसँग कार्यसम्पादनमा उल्लेख भएका पक्षहरुसँग शिक्षण, प्रशिक्षण, नियमित रुपमा विज्ञबाट अनुगमन, परामर्श तथा कोच गरिनेछ।
- कक्षा शिक्षण क्रियाकलापहरुलाई पाठ्यक्रममा आधारित बनाई सिकाईमा आमूल परिवर्तन गर्ने।
- शिक्षकहरुको क्षमता विकास योजना तयार गरी लागू गर्ने।
- शिक्षण सिकाईमा सिकारुको सहभागितामा आधारित विद्यार्थी केन्द्रित शिक्षण बिधिहरुको प्रयोगलाई जोड दिने।
- विद्यालयको शिक्षण सिकाईलाई आइ. सि. टि. मैत्री बनाउनका लागि शिक्षकहरुको क्षमता विकास गर्ने।
- आधुनिक सूचना प्रविधियुक्त शैक्षणिक बिधि (Modern ICT integrated Pedagogy) प्रयोगका लागि पूर्वाधार विकास योजना निर्माण गरी लागू गर्ने।
- अतिरिक्त सहक्रियाकलाप निर्देशिका अनुसार पाठ्यक्रमको उद्देश्य र सिकाइ उपलब्धिको आधारमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

५ विद्यालय र अभिभावक बीचको अन्तर सम्बन्ध सुदृढ गर्ने सम्बन्धमा कार्यक्रम:

विद्यालय र अभिभावक बीचको अन्तर सम्बन्ध सुदृढ गर्नका लागि निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गरिनेछन् :

- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्यहरुलाई विद्यालय व्यवस्थापन, अनुगमन र नेतृत्व सम्बन्धि क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्य तथा शिक्षक टिम बीच शैक्षिक सुधार कार्यक्रमका सम्बन्धमा समिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

- चौमासिक रुपमा अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ र शिक्षक बिच तथा त्रैमासिक रुपमा कक्षागत अभिभावक अन्तरक्रिया कार्यक्रम मार्फत अभिभावक परामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- अभिभावक परामर्श म्यानुअल तयार गरी कार्यान्वयन गर्ने ।
- विद्यालयमा शैक्षिक मेला आयोजना गर्ने ।
- विद्यालय विकास योजना वा विद्यालय सुधार योजनाका कार्यक्रमहरुको प्रस्तावना तयार गरी कार्ययोजना बनाई कार्यान्वयनको सुनिश्चित गर्न स्थानीय प्रदेश र संघिय सरकारहरु र गैह्र सरकारी संघ/संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।
- विद्यालय व्यवस्थापन समितिको नियमित बैठकमा प्र.अ.सँग भएको संझौता अनुसार कार्यक्रम कार्यान्वयन र प्रगतिको अवस्था,प्रस्तावित विद्यालय विकास योजना अनुसार सञ्चालित क्रियाकलापहरुको बारेमा एजेण्डा राखि छलफल, बहस र निर्णय गर्ने प्रणाली स्थापित गर्ने ।

**६ विद्यालय अनुगमन, मूल्याङ्कन र परामर्श :**

- पाठ्यक्रमले निर्धारण गरे अनुसार निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी निर्णयात्मक पद्धतिलाई सहज बनाउन व्ववहारीक कार्यान्वयन गर्ने ।
- कक्षा ८ को नगरपालिका स्तरीय परीक्षा र अन्य कक्षाहरुको बार्षिक परीक्षालाई समेत एकरुपता कायम गर्न नगरपालिका स्तरमा सञ्चालन गर्ने ।

- नगरपालिका शिक्षा शाखामा विज्ञ टिमको व्यवस्था गरी विद्यालयको अनुगमन मूल्याङ्कन र परामर्श कार्य सञ्चालन गर्ने ।साथै स्मार्ट अनुगमन मूल्याङ्कन र परामर्शको व्यवस्था गरी कार्यान्वयन गर्ने ।
- विद्यालयका प्र.अ. र शिक्षकहरुसँगको कार्यसम्पादन मूल्याङ्कन संझौता अनुसार समिक्षा गरी सुधारका लागि विज्ञ परामर्श दातालाई परिचालन गर्ने ।
- विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार र बालविकास केन्द्रका सहजकर्ताहरुको व्यवस्थापनका लागि शिक्षा ऐन र शिक्षा नियमावलिको संसोधन गरी नितिगत व्यवस्था गर्ने ।
- विद्यालयको शैक्षणिक व्यवस्थापन अनुगमन र सहयोगको लागि नगरपालिका शिक्षा शाखामा रहेको विज्ञ ट्युटोरिङ प्रणालीलाई व्यवस्थित गर्ने ।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि राजनितिक दलहरु शिक्षकहरुको पेशागत महासंघ र स्थानीय तहको संयुक्त प्रतिबद्धता पत्र जारी गर्ने ।
- विद्यालय सञ्चालनको मापदण्ड अनुसार विद्यालय नक्साङ्कन र वर्गिकरणको मापदण्ड तयार गर्नुका साथै सो मापदण्ड अनुसार विद्यालयहरुको स्तर कायम गर्ने ।

## परिच्छेद -३ : शैक्षिक सुधार मापनका आधार

विद्यालयको शैक्षिक सुधारका आधारहरु देहाय बमोजिम हुनेछन्:

१ विद्यालय व्यवस्थापन समितिको निर्णय र निर्णय कार्यान्वयनको अवस्था,

२ प्रधानाध्यापकले तयार पारेका योजना तथा कार्यक्रम र त्यसको कार्यान्वयनको अवस्था,

३ विद्यालयको शैक्षणिक योजना र कार्यान्वयनको अवस्था,

४ शिक्षक कर्मचारीको कार्य विभाजन र कार्य सम्पादनको अवस्था,

५ विद्यालयको कक्षागत र विषयगत सिकाई उपलब्धिको अवस्था,

६ सेवा क्षेत्रभित्र रहेका बालबालिकाको संख्या र संख्याका आधारमा सोही विद्यालयमा भर्ना हुनेको औषत भर्ना प्रतिशत ,

७ विद्यालयको भौतिक पक्षको अवस्था: भवन र कक्षाकोठा फर्निचर तथा बसाई व्यवस्थापन, शौचालय, खानेपानी, फोहर व्यवस्थापन, फूलबारी तथा विद्यालय हरियाली, विद्युत र इन्टरनेटको अवस्था, विज्ञान प्रयोगशाला, आइ. सि. टी. ल्याव, शैक्षिक सामग्रीहरुको उपलब्धता र प्रयोगको अवस्था, पुस्तकालयको अवस्था र शिक्षणमा आइ. सि. टि. को प्रयोग,

८ विद्यालयमा विद्यार्थी भर्नादर बृद्धिको अवस्था: प्राविधिक धारको कक्षा समेत सञ्चालन भएको भएमा त्यसको सञ्चालन र व्यवस्थापन प्रक्रिया तथा प्रभावकारिताको अवस्था,

९ प्र. अ. र शिक्षकहरुसँग गरेको कार्यसम्पादन अनुसार कार्य प्रगतिको अवस्था,

१० विद्यालयले प्रदान गर्ने प्रशासनिक सेवा, अभिलेख व्यवस्थापन, एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गरी कम्प्युटरको प्रयोग गरी प्रतिबेदन तयार गरिएको,

११ विद्यालयमा शीर्षक अनुसारको खर्च व्यवस्थापन र सामजिक परीक्षण एवं बित्तिय लेखा परीक्षणको नियमित अवस्था र सुझाव कार्यान्वयन,

१२ विद्यालय अतिरिक्त क्रियाकलाप योजना र खेल तथा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता, उत्प्रेरणा र प्रतियोगितामा प्राप्त स्थान र अवस्था,

१३ विद्यालय स्थापना दिवस तथा अन्य राष्ट्रिय दिवस /उत्सव मनाएको अभिलेख तथा प्रकाशनहरुको अवस्था,

१४ बालमैत्री कक्षा व्यवस्थापन तथा लैगिंक एवं समाहित कक्षा सञ्चालन,

१५ स्थानीय, जिल्लास्तरीय, प्रदेशस्तरीय र राष्ट्रिय कार्यक्रमहरुमा विद्यार्थी शिक्षक सहभागिता र प्रतिस्पर्धामा प्राप्त स्थान,

१६ बालक्लब,जु रे.स.,स्काउट आदि क्लबहरु गठन र बाल संरक्षण निति निर्माण र कार्यान्वयनको अवस्था,

१७ परीक्षा र मूल्याङ्कन एवं परीक्षाको शिघ्र नतिजा बोध, बिश्लेषण तथा सुधार योजना निर्माण र कार्यान्वयन,

१८ कमजोर तथा बिशेष सिकाई आवश्यकता भएका बालबालिकाको लागि बिशेष कक्षा अर्थात अतिरिक्त सिकाई वातावरण सिर्जनाको अवस्था,

१९ शिक्षा शाखा वा नगरपालिकाबाट खटिएका विज्ञहरुले सुझाएका अन्य कार्यहरुको कार्यान्वयनको अवस्था आदि

## परिच्छेद – चार: विद्यालय सहायता संयन्त्र र विद्यालय छनौट प्रक्रिया

### (क) कार्यक्रम कार्यान्वयन संयन्त्र

१ मेयर शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका स्तरमा निम्नानुसारको निर्देशन तथा व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| १.१ नगर प्रमुख | संयोजक |
| १.२ नगर उपप्रमुख | सदस्य |
| १.३ प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| १.४ संयोजक सामाजिक विकास समिति | सदस्य |
| १.५ शिक्षा समितिले तोकेका २ जना सदस्य | सदस्य |
| १.६ शिक्षा अधिकृत | सदस्य |
| १.७ कार्यक्रम अधिकृत | सदस्य |

१.८ शिक्षा शाखा प्रमुख सदस्य सचिव

२ नगरपालिका स्तरको निर्देशन तथा व्यवस्थापन समितिको कार्यहरु निम्नानुसार हुनेछन् :

२.१ सघन रुपमा मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालय छनौटका आधार निर्धारण गर्ने,

२.२ कार्यक्रम सञ्चालनका लागि बजेट तथा कार्यक्रम तयार गरी नगरकार्यपालिकाबाट स्वीकृत गराउने,

२.३ विद्यालय छनौटका आधार अनुसार कार्यक्रम सञ्चालनका लागि विद्यालय छनौट गर्ने,

२.४ कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्तिहरुको व्यवस्थापनका लागि जनशक्ति छनौट गरी नगरकार्यपालिकामा पेश गर्ने ।

२.५ कार्यक्रमहरुको निरीक्षण अनुगमन गर्ने, गराउने ।

२.६ विज्ञहरुको कार्यविवरण तथा सेवा सुविधा स्वीकृत गर्ने ।

२.७ कार्यक्रम लागू हुनुभन्दा पूर्व र कार्यक्रम लागू भैसकेपछिको विद्यालयहरुको शैक्षिक अवस्थाको स्थिति प्रतिबेदन तयार गर्न लगाई कार्यक्रमको प्रभावकारीताका सम्बन्धमा समिक्षा गर्ने ।

२.८ प्र. अ. र शिक्षकहरुसँग कार्यसम्पादन करार सम्बन्धि विवरण स्वीकृत गर्ने ।

२.९ कार्यक्रम सञ्चालनको खर्च अनुमोदन गर्ने ।

**( ख ) विद्यालय छनौट प्रक्रिया**

निम्नानुसारको प्रक्रियाबाट मेयर शैक्षिक सुधार कार्यक्रममा सहभागि हुने विद्यालयहरु छनौट गरिनेछ:

१ शूरुका बर्षमा परिक्षणको रुपमा कार्यक्रम सञ्चालन हुने भएकाले निश्चित बजेटको परिधिभित्र रहेर केही निश्चित संख्याका विद्यालयहरुमा सघन रुपमा यो कार्यक्रम लागू गरिनेछ।

२ विद्यालय छनौटको मापदण्ड अनुसूची १ मा उल्लेख भए अनुसार हुनेछ। मेयर शैक्षिक सुधार कार्यक्रममा सहभागी हुन चाहने विद्यालयहरुले बे. न. पा. शिक्षा शाखाले प्रकाशन गरेको सूचनाको अवधि भित्र विद्यालयले आफ्नो विद्यालयको बर्तमान शैक्षिक अवस्था, भौतिक अवस्था र जनशक्तिको अवस्था आदि उल्लेख गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पत्रसाथ नगरपालिकामा निबेदन पेश गर्ने।

३ निर्धारित समयावधि भित्र पेश भएका निबेदनहरुलाई निर्देशन तथा व्यवस्थापन समितिमा पेश गरी विद्यालय छनौटका आधार अनुसार कार्यक्रमका लागि छनौट गर्ने।

४ विद्यालयले पेश गर्ने प्रस्तावना पत्र अनुसूची २ मा भए अनुसार हुनुपर्नेछ।

**(ग) कार्यक्रम कार्यान्वयन समिति**

कार्यबिधिमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनका लागि निम्नानुसारको कार्यक्रम कार्यान्वयन समिति हुनेछ:

| | |
|---|---|
| १ शिक्षा शाखा प्रमुख | संयोजक |
| २ विज्ञहरु | सदस्य |
| ३ शिक्षा अधिकृत | सदस्य |
| ४ आइ. सि. टी. विज्ञ | सदस्य |
| ५ प्राविधिक सहायक | सदस्य |

कार्यक्रम कार्यान्वयन समितिको कार्यहरु निम्नानुसार हुनेछन् :

१ प्र. अ. र शिक्षकहरुसँग गर्ने कार्यसम्पादन करार संझौता तयार गरी निर्देशन तथा व्यवस्थापन समितिमा पेश गरी स्वीकृत गराउने।

२ प्र. अ. र शिक्षकहरुसँग करार संझौता गर्ने ।

३ नगर कार्यपालिकाबाट स्वीकृत बजेटको परिधिभित्र रहेर कार्यक्रमका क्रियाकलाप सहित बजेट प्रस्तावित गरी निर्देशन तथा व्ववस्थापन समितिमा पेश गर्ने ।

४ कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्ने ।

५ कार्यक्रम लागू हुनुपूर्व र कार्यक्रम लागू भएपछि विद्यालयको शैक्षिक अवस्थाको सूचकहरु गणना गरी स्थिति प्रतिबेदन तयार गर्ने ।

६ कार्यक्रम कार्यान्वयनको अवस्थामा देखा परेका समस्याहरु समाधानका लागि निर्देशन तथा व्ववस्थापन समिति र विद्यालयका सम्बन्धित सरोकारहरुसँग समन्वय गर्ने ।

७ शिक्षक तथा प्र. अ. हरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।

८ विद्यालयहरुको परीक्षा तथा मूल्याङ्कन र अभिलेख प्रक्रियामा आवश्यकता अनुसार सहयोग गर्ने र सुधारका लागि नियन्त्रण गर्ने ।

९ शिक्षकहरुको कक्षा शिक्षण अवलोकन गरी सुधारका लागि सुझाव दिने तथा आकर्षक कक्षा शिक्षण भएका शिक्षकहरुमा उत्प्रेरणा जगाई अन्य शिक्षकहरुका लागि नमूना कक्षा प्रस्तुत गर्न लगाउने ।

१० प्र.अ./शिक्षक, कर्मचारी, वि. व्य. स. शिक्षक अभिभावक संघ,विद्यार्थी र विद्यालयहरुलाई पुरस्कारका लागि निश्चित आधार बनाई नगर शिक्षा समितिमा सिफारिश गर्ने ।

**( घ ) बैठक सञ्चालन र बैठक भत्ता**

नगरकार्यपालिकाको निर्णय अनुसार निर्देशन तथा व्यवस्थापन समिति र कार्यक्रम कार्यान्वयन समितिका सदस्यहरुले बैठक भत्ता र खाजा खानाको व्यवस्था हुनेछ ।

**( ङ) विद्यालय कम्प्युटर, ईन्टरनेट, सूचना प्रविधि सहायता कार्य:**

यस कार्यका लागि शिक्षा शाखामा न्यूनतम् १जना आई.टि.प्रशिक्षकको व्यवस्था गरी निम्नानुसारका कार्यहरु गर्ने ।

१ विद्यालयको आइ. सि. टी. अवस्था र आइ. सि. टी. सामग्रीहरुको व्यवस्थापन कार्यको अवस्था पहिचान गरी प्रतिबेदन अनुसार सुधार गर्ने, गर्न लगाउने।

२ विद्यालयका कर्मचारी तथा शिक्षक तथा प्र.अ लाई आइ. सि. टी. पहुँच बृद्धि र क्षमता विकास सम्बन्धी तालिम ज्ञान र सीप प्रदान गर्ने।

३ शिक्षकलाई आफ्नो शिक्षण सिकाई कार्यमा अधिक मात्रामा आइ. सि. टी. को प्रयोग गर्न उत्प्रेरित गर्ने।

४ विद्यालय तथा शिक्षकको आइ. सि. टी. सञ्चालन व्यवस्थापन र शिक्षकको आइ. सि. टी. कक्षा अवलोकन गरेर पृष्टपोषण प्रदान गर्ने।

५ IEMIS व्यवस्थापन र अद्यावधिकतामा सघाउने निर्देशन एवं नियन्त्रण गर्ने ।

६ शिक्षा शाखाको ICT व्यवस्थापन सञ्चालनमा भूमिका निर्वाह गर्ने।

७ परीक्षा र मूल्याङ्कनलाई आधुनिक र प्रविधिमैत्री बनाई लागू गर्ने।

८ विद्यालयमा आर्थिक तथा प्रशासनिक कार्यका लागि आवश्यक भरपर्दो विश्वासिलो र मान्यता प्राप्त सफ्टवेयर सिफारिस गर्ने।

## परिच्छेद - ५: विज्ञहरूको योग्यता, कार्यविवरण र सेवा सुविधा:

**( क ) विज्ञहरुको योग्यता**

१ मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरी शिक्षण सम्बन्धमा तालिम प्राप्त।

२ शिक्षा क्षेत्रमा कम्तिमा १० बर्ष काम गरेको अनुभव भएको।

३ कम्प्युटरको प्रयोग गरी अङग्रेजी र नेपालीमा टाइप गर्न सक्ने, इमेल/इन्टरनेटको प्रयोग गर्न सक्ने।

४ प्रशिक्षण र सहजिकरण गर्न सक्ने ज्ञान, सिप र क्षमता भएको।

**(ख)विज्ञहरुको कार्यविवरण:**

१ नगरपालिकाको शैक्षिक नीति तथा कार्यक्रम निर्माणमा प्राविधिक सहयोग उपलब्ध गराउने।

२ शिक्षा शाखा र विद्यालय तहमा शैक्षिक योजनाहरु निर्माण सम्बन्धमा सहजिकरण गर्ने ।

३ विद्यालयमा आइ. सि. टी. उपकरण, विज्ञान प्रयोगशालाका समग्रीहरु, पुस्तकालय र बुक कर्नरको अवस्था र अन्य शैक्षिक सामग्रीहरुको उपलब्धता र प्रयोगको अवस्था आदिको सम्बन्धमा प्रतिबेदन तयार गर्ने र नपुग शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने तथा उपलब्ध शैक्षिक सामग्रीहरुको प्रभावकारी उपयोगका लागि विद्यालयलाई सुझाव पेश गर्ने र सो सम्बन्धी शिक्षा शाखालाई जानकारी गराउने।

४ बिज्ञहरुले विद्यालयलाई दिएको सुझाव अनुसार कार्यान्वयनको अवस्था सम्बन्धमा प्रतिबेदन तयार गरी समिक्षाको लागि शिक्षा शाखामा कार्यक्रम प्रस्ताव गर्ने ।

५ शिक्षकहरुलाई कक्षा शिक्षणको योजना निर्माण, शैक्षिक सामग्रीहरुको प्रयोग तथा विद्यार्थी मूल्याङ्कन र अभिलेखीकरण गर्न सहजीकरण गर्ने ।

६ शिक्षकहरुलाई पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार आन्तरीक मूल्याङ्कन गर्ने सम्बन्धमा सहजिकरण गर्ने ।

७ शिक्षकहरुका लागि पाठ्यक्रम प्रवोधिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

८ शिक्षकहरुमा आइ. सि. टी. को प्रयोग गरी शिक्षण गर्न सक्ने क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।

९ विद्यालयको प्रशासनिक व्यवस्थापनका लागि प्र.अ.को क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने

१० शिक्षकहरुको कक्षा शिक्षण अवलोकन गरी सुधारका लागि सुझाव दिने तथा आकर्षक कक्षा शिक्षण भएका शिक्षकहरुमा उत्प्रेरणा जगाई अन्य शिक्षकहरुका लागि नमूना कक्षा प्रस्तुत गर्न लगाउने ।

११ कार्यक्रम कार्यान्वयनको अवस्थामा देखा परेका समस्याहरु समाधानका लागि निर्देशन तथा व्ववस्थापन समिति र विद्यालयका सम्बन्धित सरोकारहरुसँग समन्वय गर्ने ।

१२ विद्यालयहरुको स्मार्ट अनुगमन, मूल्याङ्कन र परामर्शको व्यवस्था गरी कार्यान्वयन गर्ने

१३ पाठ्यक्रमले निर्धारण गरे अनुसार निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी निर्णयात्मक पद्धतिलाई सहज बनाउन व्ववहारिक कार्यान्वयन गर्ने।

१४ अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि सहजिकरण गर्ने।

१५ वि.व्य.स. र शिक्षक अभिभावक संघका सदस्यहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालनको योजना निर्माण गरी कार्यान्वयन गर्ने।

१६ प्र. अ. र शिक्षकहरुको कार्यसम्पादन करारको लागि विवरण तयारगरी नगरपालिकामा पेश गर्ने।

१७ मेयर शैक्षिक सुधार कार्यक्रम लागू भएका विद्यालयहरको कार्यक्रम लागू हुनुभन्दा अगाडिको र कार्यक्रम लागू भएपछिको शैक्षिक अवस्थाको स्थिति प्रतिबेदन तयार गर्ने।

१८ विद्यालय शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहित गर्ने सम्बन्धमा मापदण्ड निर्माण गरी उक्त मापदण्डका आधारमा प्रोत्साहित गर्न विद्यालय शिक्षक तथा कर्मचारीहरुलाई नगरपालिकामा सिफारिस गर्ने।

१९ सघन रुपमा मेयर शैक्षिक सुधार कार्यक्रम लागू भएका विद्यालयहरुमा तत्काल व्यवस्थापन गर्नुपर्ने मनविय जनशक्तिको सम्बन्धमा नगरपालिकामा सुझाव पेश गर्ने।

२० नगरपालिका र विज्ञ बिचमा भएको संझौता अनुसार उल्लेख भएका अन्य कार्यहरु।

**(ख) बिज्ञहरुको सेवा सुबिधा:**

कार्यबिधिमा उल्लेख भएको कार्यबिबरणमा उल्लेखित कार्य गरेबापतमा संझौताको आधारमा प्राप्त गर्ने रकम विज्ञबाट प्रतिबेदन पेश भएपश्चात त्रैमासिक रुपले भुक्तानी दिइनेछ।

**(घ ) बिज्ञ नियुक्ति गर्ने प्रक्रिया:**

१ पहिलो पटक यस कार्यबिधिको परिच्छेद ५ मा उल्लेखित योग्यता पुगेका बढिमा ३ जना बिज्ञहरुलाई नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाबाट निर्णय गराई कार्यबिबरणका आधारमा कार्य संजौता गरिनेछ।

२ प्रमुख प्रशासकीय अधिकृतबाट नगरकार्यपालिकाबाट निर्णय भएका बिज्ञहरुलाई संझौतामा कार्यबिबरण उल्लेख गरी संझौता गरिनेछ।

३ सम्झौताको म्याद समाप्त भएपश्चात बिज्ञहरुबाट सम्पादित कार्यहरुको मूल्याङ्कन र मेयर शैक्षिक सुधार कार्यक्रमको बजेट आदिको आधारमा पु:न संझौता गरिनेछ।

४ संझौता पत्रको साथमा बिज्ञहरुले आफ्नो शैक्षिक योग्यता, तालिम र अनुभवको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

अनुसूची १

## मेयर शैक्षिक सुधार कार्यक्रम: विद्यालय छनौट मापदण्ड

## (परिच्छेद - ४ ख. १ सँग सम्बन्धित)

क विद्यार्थी संख्या बापतको भार : २५

१ माध्यमिक तह कक्षा १ -१२ सञ्चालित विद्यालयमा कम्तिमा २०० जना विद्यार्थी ( बालविकास केन्द्र बाहेक): २५ भार

२ कक्षा १ -१० सञ्चालित विद्यालयमा कम्तिमा १५० विद्यार्थी संख्या २५ भार

३ कक्षा १- ८ सञ्चालित विद्याःयमा कम्तिमा १०० जना २५ भार

४ कक्षा १ -५ सञ्चालित विद्यालयमा कम्तिमा ७० जना २५ भार

ख विद्यालयको समिति गठनको भार : ७

१ विद्यालय व्यवस्थापन समिति गठन भएमा : ५

२शिक्षक अभिभावक संघ गठन भएमा : २

ग कक्षा कोठासँग सम्बन्धित भार (कक्षा कोठको पर्याप्तता) : १३

१ कक्षा अनुसार संख्यामा कक्षा कोठा भएको : ५

२ प्र. अ. र शिक्षक स्टाफका लागि थप २ कोठा : २

३ पुस्तकालय विज्ञान प्रयोगशालाका लागि अलग अलग : ३

४ अन्य कोठाका अतिरिक्त चमेना कोठा समेत भएमा : ३

घ विद्युतिकरण र सुरक्षाको अवस्था : १० भार

१ कम्तिमा ५०% कक्षा कोठामा विद्युत जडान गरिएको र खोल्ने र बन्द हुने गरी सुरक्षित भएको : ५

२ कम्तिमा ७५ % कक्षा कोठामा विद्युत जडान गरिएको र खोल्ने र बन्द हुने गरी सुरक्षित भएको: ८

३ कम्तिमा ९०% वा सो भन्दा बढि कक्षा कोठामा विद्युत जडान गरिएको र खोल्ने र बन्द हुने गरी सुरक्षित भएको : १०

ङ शिक्षक व्यवस्था भार : ५

१ कक्षा अनुसार शिक्षक संख्या पुगेको (प्र. अ. बाहेक): ३

२ कक्षा अनुसार २ वा सो भन्दा बढि भएमा : २

च विद्यालयमा इन्टरनेटको पहुँच: १० भार

१ कार्यालय र शिक्षक स्टाफ कोठामा मात्र पहुँच भएमा ३

२ कक्षा सञ्चालन हुने ५०% कोठामा पहुँच भएमा ५

३ कक्षा सञ्चालन हुने सबै कक्षा कोठाहरुमा १०

छ विद्यालयमा आई. टि. विषयमा ज्ञान भएका शिक्षक व्यवस्थापन : १०

१ क्प्प्युटर सफ्टवेयरमा डिप्लोमा तह उत्तिर्ण गरेको १ जना भएमा ४ अङ्क

२ क्प्प्युटर सफ्टवेयरमा डिप्लोमा तह उत्तिर्ण गरेको एक जना भन्दा बढि भएमा प्रत्येकका लागि थप २ अङ्कका दरले बढिमा ६ अङ्कक

ज विद्यलयको पारदर्शिता भार: ५

१ विद्यालयको बार्षिक उत्सव समारोहमा विद्यालयको आर्थिक विवरण सहित विद्यालयको प्रतिबेदन सार्वजनिक गरेको अभिलेख भएमा ५

झ विद्यालयमा वालक्लव गठन र परिचालन : ५

१ बाल क्रलब गठन भएको भए : २

२ उक्त बालक्लवको नेतृत्वमा सञ्चालित कार्यक्रमहरुको अभिलेख प्रति कार्यक्रम १ भारका दरले बढिमा ३ भार

ञ विद्यालयको समग्र कार्यसम्पादन र असल अभ्यास बापतको भार १० : विद्यालय सुधार योजना सामाजिक परीक्षण विद्यालयको समग्र व्यवस्थापन

बापतःअनुगमनबाट दिइने ।विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ अनुसार शैक्षिक सत्र २०८० मा विद्यलयले पेश गरेको प्रतिबेदनलाई मुख्य आधार लिएर यस बापतको अङ्क प्रदान गरिने।

अनुसूची २

मेयर शैक्षिक सुधार कार्यक्रमका लागि पेश गर्ने प्रस्तावनाको ढाँचा

( परिच्छेद - ४ ख. २ सँग सम्बन्धित)

१ विद्यालयको नाम र ठेगाना :-

२ सञ्चालित कक्षा र विद्यार्थी संख्या :-

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| बालविकास केन्द्र | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

३ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अन्य सदस्यहरुको नाम:-

४ शिक्षक अभिभावक संघको गठन मिति :-

५ शिक्षक अभिभावक संघका अध्यक्ष र सदस्यहरुको नाम:-

६ विद्यालयको कोठा संख्या र प्रयोगको अवस्था :-

कूल कोठा संख्या:- सबै कोठाहरुको प्रयोग खुलाउनु पर्नेछ (नपुग भएमा कोलम थप गर्ने)

| कोठाहरुको उपयोगिता वा प्रयोग र संख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा सञ्चालन | प्र. अ. को कार्यकक्ष | शिक्षक स्ठाफ कक्ष | विज्ञान प्रयोगशाला | पुस्तकालय | चमेना कक्ष | अन्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| सभाहल | लेखा शाखा | | | | | |
| | | | | | | |

७ विद्युतिकरण र सुरक्षाको अवस्था : विद्युतिकरण भएका र खोल्ने र बन्द गर्ने प्रबन्ध मिलाईएका कोठा संख्या

| जम्मा कोठा संख्या | बिद्युत जडान भएका कोठा संख्या | खोल्ने र बन्द गर्ने व्यवस्था भएका कोठा संख्या |
|---|---|---|
| | | |

८ विद्यालयमा कार्यरत शिक्षक संख्या

| तलब स्रोत | बालविकास केन्द्र | प्राथमिक तह | निम्न माध्यमिक तह | माध्यमिक तह |
|---|---|---|---|---|
| सरकारी | | | | |
| निजी | | | | |
| जम्मा | | | | |

९ विद्यालयमा इन्टरनेट पहुँचको अवस्था :

क) कार्यालय कोठाहरुमा मात्र पहुँच भएको :

ख) कार्यालय कोठा बाहेक पहुँच भएको अन्य कोठा संख्या :

१० आई. सि. टी. सम्बन्धमामा ज्ञान भएका शिक्षकहरुको संख्या :

क) विद्यालयको IT फोकल शिक्षकको नाम :

ख) IT फोकल शिक्षकको IT विषयमा शैक्षिक योग्यता:

ग) ICT सम्बन्धमा ज्ञान भएका शिक्षकहरुको नाम र शैक्षिक योग्यता (IT फोकल शिक्षक बाहेक)

| क्र. सं. | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | ICT सम्बन्धमा योग्यता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**आज्ञाले,**
**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकिय अधिकृत**

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । मूल्य